# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष ११ गते २०१२ साल

### खाद्यविभागको विज्ञप्ति

प्रचार ३१/१३३/०१२ २०१२।९।११६

केही स्टकवाला साहूमहाजन व्यापारीहरूले आफूसँग भएको स्टक बिक्री नगर्ने र किनी थुपारी महंगो भाउमा बेच्ने समेत सुराक गरेको बुझिएकोले सो हुन नपाओस् भनी निम्न लिखित सरकारी आदेश प्रकाशित गरिएको छ।

[१] तल लेखिएभन्दा बढी स्टक—कसैले राख्न पाउँदैन। तर सोभन्दा बढी स्टक राख्नुपर्नेहरूले फूड कन्ट्रोलर आफिसमा सो बढी स्टक राख्नुपर्ने कारण खुलाई दरखास्त दिएमा हेरी मुनासिब कारण देखिए सो आफिसबाट परमिट दिनेछ, तर यो विज्ञप्ति प्रकाशित हुनुभन्दा अघिदेखि लेखिएबमोजिम भन्दा बढी स्टक हुनेहरूले भने विज्ञप्ति प्रकाशित भएको ७ दिनभित्र फूड कन्ट्रोलर अफिसमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा ईलाका मैजिष्ट्रेट अफिसमा दरखास्त दी सो स्टकिष्टवालाहरूले म्याद नाघेका भोलिपल्ट सो अफिसमा हाजिर हुनुपर्छ, र सो दरखास्तमा देखाएको बढी स्टक सरकारबाट अख्त्यार पाएकाको निकाशाबेगर केही गर्न हुँदैन। वस्तु–नियन्त्रण अल्पकालीन अधिकार ऐन ०१२ अन्तर्गत उक्त ऐनको ११ दफाबमोजिम सरकारबाट अख्त्यार पाएकाले खानतलासी लिंदा निम्नलिखितमा लेखिएभन्दा बढी स्टक देखिन आई सोबमोजिम दरखास्त नदिएको र परमिट नलिएको देखिन आएमा सो बढी स्टक उक्त ऐनको ४।१।[ज] दफा अन्तर्गत जफत गरी सोही ऐनको ४।२।[क] दफाबमोजिम बढीमा ३ वर्षसम्म कैद वा २००० रुपैयाँ सम्म जरिवाना हुनेछ। सो जफत भएकोबाट आएको रुपैयाँ खाद्यकोष खडा गरी सो कोषमा जम्मा गरिनेछ र पोल्हाहा भएकोमा पोल्हाहाले सयकडा २५ कमिशन सोही ऐनको १४ दफाबमोजिम पाउनेछ।

[क] व्यापारको लागि बाहेक आफ्नु घर व्यवहार चलाउन र दैनिक खानाको लागी आफ्नु परिवारको ०१२ मार्गदेखि कार्तिक मसान्ततक वर्ष १ लाई आफ्नु घरको परिवार संख्या हेरी फि. जवान मैना १ के धान भए पाथि १५; अरु चामल गहुं मकै कोदो भए पाथि ।७।४ का दरले खान चाहिनेसम्म स्टक राख्न पाउनेछ।

[ख] आफ्नु व्यवहारको लागी केही मकै, गहुं, कोदो, च्यूरा. राख्ने चलन हुँदा उक्त (क) दफाबमोजिम राख्न पाउनेमा थप १ परिवारले कोदो मुरी १, गहुं मुरी १, मकै पाथि १०, च्यूरा पाथि ५, भटमास पाथि २, सम्म र दलहनको लागी काम लाग्ने चना, केराउ, खेसरी, रहर मुगी, मुसुरो, मास, गहत, इत्यादि खाद्यान्न १ परिवारले १० पाथिसम्म लेखेबमोजिम दरखास्त नदिकन पनि स्टक राख्न पाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ग] व्यापारी पसलेहरूको हकमा (ख) लाईसेन्सवाला (खुद्रेपसले) इक्ले चामल मुरी ५। कोदो मुरी १। गहुँ मुरी १। च्यूरा मुरी २। र चना राजके खेसरी रहर मुसुरो मुगी मास इत्यादि खाद्यान्न।१० पाथीका दरले र [क] लाइसेन्सवाला व्यापारीले भने धान, चामल गरी १५। मुरी कोदो मुरी ५। गहुँ मुरी ५। मकै मुरी २। च्यूरा मुरी ५। पाँच र चना मुरी १। केराउ मुरी १। खेसरी मुरी १। रहर मुरी १। मुसुरो मुरी १। मुगी मुरी १। मास मुरी १। भटमास मुरी १। अरु इत्यादि खाद्यान्न मुरी १। का दरले स्टक राख्न पाउँछ [क] लाइसेन्सवालाले खरीद बिक्रीको खाता राखी सरकारबाट जाँच भएको बखत जचाउन दिनुपर्छ।

[घ] उक्त लेखिएबमोजिमको खाद्यान्न मधेश तराई वा विदेशबाट झिकाई बिक्री गर्नेहरूले झिकाइएको खाद्यान्नमा यो माथि लेखिएको कुरा लागू हुनेछैन। तर उनीहरूले पनि अनुचित फाइदा उठाउनाका लागि नथुपारी नियमबमोजिम लिन आउनेहरूलाई बिक्री गर्नुपर्छ। सोबमोजिम बिक्री नगरेमा कानून अनुसार हुनेछ।

[ङ] उक्त लेखिएका कुराको विरुद्ध गर्नेलाई सो ऐन आदेशमुताबिक हुने गर्नेछ फलाना ठाउँको रसदको ठेक्का लिएकोबाट बढी स्टक रहे राखेको भनी प उनेछैन तर सो लेखिएको कुरा सरकारी व्यारीक र सरकारबाट बिक्रीलाई दिएको चामल औ सरकारी स्टकलाई लागू हुनेछैन र बिक्रीलाई पसलेमा राखेको स्टक ठहरिने छैन घरमाथि र छिंडी इत्यादि ठाउँमा राखेका स्टक ठहरिनेछ।

आज्ञाले —
रोहिणीप्रसाद
सेक्रेटरी खाद्यविभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।